नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ १४ गते २०३९ साल

श्री ५ को सरकार

परराष्ट्र मन्त्रालयको

सूचना

श्री ५ को सरकारले विदेशीहरू सम्बन्धी ऐन, २०१५ को दफा ३ र ७ ले दिएको अधिकार प्रयोग गरी नेपालमा तीर्थ गर्न आउने श्रीलंकाका तीर्थयात्रीहरूलाई देहायमा उल्लेखित शर्तहरू पूरा गर्ने गरी ३० दिनसम्मको लागि निःशुल्क प्रवेशाज्ञा दिने मिति २०३९।३।३१ मा निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरेको छ :–

१) तीर्थयात्रीहरूले श्रीलंका सरकारबाट प्राप्त गरेको राहदानी देखाउनु पर्ने र निजहरू तीर्थ गर्न आएका तीर्थयात्री हुन् भन्ने कुरा उनीहरूको मुलुकको सरकारबाट राहदानी अथवा छुट्टै परिचयपत्रद्वारा प्रमाणित हुनु पर्ने,

२) त्यस्ता तीर्थयात्रीहरूले निःशुल्क प्रवेशाज्ञा पाउनका लागि आवेदनपत्र भर्नु पर्ने,

३) सो आवेदनपत्रको साथ आवेदनपत्रको खर्चको रूपमा यू. एस. ५० सेण्टको मूल्य बराबरको रकम दाखिला गर्नु पर्ने ।

त्यस्ता तीर्थयात्रीहरूलाई नेपाल प्रवेशको लागि दिइने निःशुल्क प्रवेशाज्ञामा तीर्थयात्री भनी जनाइनेछ ।

आज्ञाले,
जगदीश सम्शेर राणा
श्री ५ को सरकारको सचिव

2606

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२७८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।